**मध्यनेपाल नगरपालिका**

**भोर्लेटार, लमजुङ**

## नगर कार्यपालिकाको वैठकका प्रस्ताव तथा निर्णयहरुः

**(वैठक संख्याः ०६/२०८१-०८२, मितिः २०८१/०८/१०)**

१. **विगतका वैठकको समिक्षा सम्बन्धमाः** नगर कार्यपालिकाको विगतमा वसेका बैठकका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा व्यापक छलफल तथा समीक्षा गरीयो।

२. **प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृति गर्ने सम्बन्धमाः** मध्यनेपाल नगरपालिकामा रहेका नदि किनार तथा घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी ठेक्का प्रक्रियाबाट विक्री वितरण गर्ने प्रयोजनका लागि परामर्श सेवा प्रदायकहरु मध्येवाट प्रतिस्पर्धाका आधारमा प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) गर्नका लागि प्रस्ताव आव्हान गरिएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को प्रकृया अनुसार तपसिल बमोजिमका स्थानहरुमा छनौट भएका तपसिल बमोजिमका परामर्शदाता कम्पनीले तयार गरेको प्रतिवेदन स्वीकृत गर्ने।

**तपसिलः**

| क्र.सं. | परामर्शदाता कम्पनीको नाम | ठेगाना | नदी/घाटको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | कम्प्लेक्स स्टडी एण्ड रिसर्च सेन्टर | हनुमानस्थान काठमाडौं | खण्ड-१ मादी नदी अन्तर्गतका घाटहरु | |
| २ | स्किल नक्स प्रा.लि. | बुढानिलकण्ठ काठमाडौं | खण्ड-२ मिदिम खोला रिस्ती खोला र खहरे खोला अन्तर्गतका घाटहरु | |

३. **नदिजन्य पदार्थको आय ठेक्का आव्हान गर्ने सम्बन्धमाः** स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम नदीका तपसिल बमोजिम तोकिएका घाट तथा स्थानहरुवाट तोकिएको परिमाणमा नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा निकासी विक्रीका लागि तपसिल बमोजिमको न्यूनत्तम रकम तोकी नियमानुसार आय ठेक्का आव्हान गर्ने।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | नदिको नाम | घाटको नाम | वाड नं | उत्खनन् परिमाण घ.मि. | न्युनतम ठेक्का रकम ) (मु.अ.कर र टि.डि.एस वाहेक) | वोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | १-०८१/८२ | मादी नदी | बाउँदी दोभान खण्ड | ५ | ३४८३.०० | ११,०८,००० (एघार लाख आठ हजार मात्र) | रु.१०००।०० |
| २ | २-०८१/८२ | | सिशा खोला घाट | ४ | ५११८.७५ | १६,२८,०००।०० (सोह्र लाख अठाईस हजार मात्र) | रु. १०००।०० |
| ३ | ३-०८१/८२ | | रिस्ती दोभान घाट | ४ | १२४८.७५ | ३,९७,०००।०० (तिन लाख सन्तानव्बे मात्र) | रु.१०००।०० |
| ४ | ४-०८१/८२ | रिस्ती खोला | चर्दी दोभानबाट व्यास मार्ग रिस्तीपुल खण्ड | ४ | १०३७.४० | ३,३०,०००।०० (तिन लाख तिस हजार मात्र) | रु.१०००।०० |
| ५ | ५-०८१/८२ | | समिफेद - चर्दि दोभान खण्ड | १,२ | ११६१.२३ | ३,७०,०००।०० (तिन लाख सत्तरी हजार मात्र) | रु. १०००।०० |
| ६. | ६-०८१/८२ | मिंदिम खोला | भ्को.पुल वाट भोर्लेटार खा.पा को पम्प हाउस सम्म | ६,७ | ४४७०.३८ | १४,२२,०००।०० (चौध लाख वाइस हजार मात्र) | रु. १०००।०० |
| ७ | ७-०८१/८२ | | भोर्लेटार खा.पाको पम्प हाउसवाट स्याउली वजार कटुवा भिर खण्ड । | ७,८,९ | ५२५८.९३ | १६,७२,०००।०० (सोह्र लाख बहत्तर हजार मात्र) | रु.१०००।०० |
| ८ | ८-०८१/८२ | | खहरे खोला दोभान वाट वरवोटे पुछार सम्म | १,२ | ९९४.५० | ३,१७,०००।०० तिन लाख सत्र हजार मात्र) | रु. १०००।०० |

**४. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) का लागि प्रकृया शुरु गर्ने सम्बन्धमाः** स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम यस मध्यनेपाल नगरपालिकाको गत आ.व. २०८०/०८१ को संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि आवश्यक प्रकृया शुरु गर्न कार्यालयलाई निर्देशन दिने र मूल्याङ्कन कार्यमा सहजिकरण समेत गर्ने।

**५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत वजेट बमोजिम आयोजना/कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमाः** चालु आ.व. २०८१/०८२ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनत्तम रोजगारीका कार्यक्रम सञ्चालन गर्नका लागि मिति २०८१/०५/३१ को कार्यपालिका वैठकवाट स्वीकृत वजेट सिमा भित्र रही प्रधानमन्त्री रोजगार कार्यक्रमवाट विनियोजित रकम र नगर सभावाट स्वीकृत बजेट शिर्षक अन्तर्गत खर्च हुनेगरी लागत साझेदारीमा तपसिल बमोजिमका आयोजना र तालिम कार्यक्रम सञ्चालन गर्ने।

**क. सञ्चालन गरिने आयोजनाको लागि वजेट विनियोजनः**

| वडा नं. | आयोजनाको नाम | बिनियोजित वजेट रु. | |
|---|---|---|---|
| | | प्रधानमन्त्री रोजगार कार्यक्रमवाट | नगरपालिकावाट |
| १ | सल्लाखारी पार्क निर्माण | ३,४५,०००/- | १,००,०००/- |
| २ | वडा नं २ को कार्यालय जाने बाटो ढलान निर्माण तथा मर्मत | ३,४५,०००/- | १,००,०००/- |
| ३ | घुन्द्रे खोला कजवे निर्माण र आगे खोलामा हिमपाइपमा पर्खाल निर्माण | ३,४५,०००/- | १,००,०००/- |
| ४ | सिलिग्डे डाँडा बैराढ धारापानी भुत्यहा चौतारको उकालो जाने सिढीं निर्माण तथा मर्मत | ३,४५,०००/- | १,००,०००/- |
| ५ | कुवापानी पँधेरी देखि समिभन्जयाङ सम्मो सडक तथा पैदल मार्ग निर्माण तथा मर्मत | ३,४५,०००/- | १,००,०००/- |
| ६ | डि पैदलमार्ग निर्माण तथा मर्मत | ४,१४,०००/- | १,००,०००/- |
| ७ | खहरेबाट राम्चे जाने पैदल मार्ग निर्माण तथा मर्मत | ३,४५,०००/- | १,००,०००/- |
| ८ | सोर प्लाडा कुवा पानी पैदल मार्ग निर्माण तथा मर्मत | २,७६,०००/- | १,००,०००/- |
| ९ | कल्याण मावि अप्सरा गाँउ फेदी चौतारा देखि देउराली पार्क गोरेटो बाटो निर्माण तथा मर्मत | ४,१४,०००/- | १,००,०००/- |
| १० | नेटा थानसिङ हाडिखोला एकिकृत बाटो निर्माण तथा मर्मत | २,७६,०००/- | १,००,०००/- |
| कूल बजेट | | ३४,५०,०००/- | १०,००,०००/- |

**ख. रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने तालिमका लागि वजेट विनियोजनः** चालु आ.व. २०८१/०८२ का लागि सूचीकृत ४० जना बेरोजगारहरुलाई इलेक्ट्रिसियन र प्लम्बिङ सम्बन्धी तालिम संचालनका लागि प्रधानमनन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार श्रृजना रु. १३ लाख ८० हजार र कार्यस्थलमा आधारित सीप बिकास तालिम र जीवन उपयोगी सीप तालिम शिर्षकबाट रु. ९ लाख बजेट बिनियोजन गर्ने र तालिमका लागि सेवा प्रदायक संस्था छनौटका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने।

६. **खेलकुद कार्यक्रमको खर्च भूक्तानी सम्वन्धमाः** राष्ट्रिय तेक्वान्दो संघ नेपाल लमजुङको आयोजनामा मिति २०८१/०७/३० देखि २०८१/०८/०१ सम्म मध्यनेपाल नगरपालिका वडा नं. ६ भोर्लेटार स्थित ईशानेश्वर क्याम्पस चौरमा सम्पन्न भएको प्रथम मेयर कप राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा भएको खर्चको भूक्तानी

**सहयोगका लागि विल भरपाई सहित कागजात पेश हुन आएको हुँदा मिति २०८१/०७/२८ को कार्यपालिका वैठकको निर्णयानुसार नगर प्रमुख खेलकुद कार्यक्रम शिर्षकमा विनियोजित रकम रु. २४ लाख मध्येवाट रु. ५ लाख भूक्तानी गर्ने।**

७. **ईलाका प्रहरी कार्यालय भोर्लेटारको कार्यालय भवन मर्मत सम्बन्धमाः** मध्यनेपाल नगरपालिका वडा नं. ६ स्थित ईलाका प्रहरी कार्यालय भोर्लेटारको च.नं. १०९ मिति २०८१/०८/०४ को पत्रवाट अनुरोध भई आए अनुसार उक्त कार्यालयमा एल्मुनियम पार्टेसन गरी कोठा वनाउने, भूईमा टायल लगाउने र शौचालय मर्मत गर्ने कार्यका लागि यस कार्यालयको प्राविधिक शाखाबाट तयार हुने लागत अनुमान बमोजिम चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत फुटकर योजना शीर्षकमा विनियोजित रकमबाट कार्यसम्पन्न प्रतिवेदनका आधारमा भूक्तानी गर्ने ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा मध्यनेपाल नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उप नियम (१) बमोजिम प्रमाणित गरिएको।

**निर्णय प्रमाणीत गर्ने**

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रमेश कुमार पाण्डे
नगर प्रमुख

**मितिः२०८१/०८/१०**